# अतिरिक्त भाषा वा बोली K-10 को रूपमा अंग्रेजी सिक्ने विद्यार्थीहरूको लागि लिखित रिपोर्टहरू

## अभिभावक र हेरचाहकर्ताहरूका लागि जानकारी

आदरणीय अभिभावक र हेरचाहक ज्यू,

तपाईंले प्रत्येक वर्ष आफ्नो बच्चाको स्कूलबाट दुईवटा लिखित रिपोर्टहरू प्राप्त गर्नुहुन्छ। यी रिपोर्टहरूले तपाईंलाई तपाईंको बच्चा कसरी प्रगति गरिरहेको छ र तपाईंको विद्यालयले तपाईंको बच्चाको सिकाइलाई कसरी सहयोग गरिरहेको छ भनेर बुझ्न मद्दत गर्नेछ। प्रत्येक रिपोर्टले सबै विषयहरूमा तपाईंको बच्चाको प्रगति देखाउनेछ।

### अतिरिक्त भाषा वा बोलीको रूपमा अंग्रेजी सिक्ने विद्यार्थीहरूका लागि रिपोर्टहरू (English as an additional language or dialect (EAL/D))

यदि तपाईंको बच्चाले अतिरिक्त भाषा वा बोली (EAL/D) को रूपमा अङ्ग्रेजी सिक्दै छ भने, यो रिपोर्टले उनीहरूको अङ्ग्रेजी भाषा विकासलाई कसरी सहयोग गरिएको छ र तपाईंको बच्चाले अङ्ग्रेजी भाषा सिक्नमा कसरी प्रगति गरेको छ भनेर व्याख्या गर्नेछ। कक्षा 1 र सोभन्दा माथिका विद्यार्थीहरूका लागि रिपोर्टमा उनीहरूको अंग्रेजी भाषा प्रवीणताको हालको चरण पनि समावेश हुनेछ। यी चरणहरू हुन् - सुरु हुँदै, उदीयमान हुँदै, विकास गर्दै वा सुदृढ हुँदै। कृपया यी चरणहरूको विवरणहरूको लागि पछाडी हेर्नुहोस्।

### भर्खरै आएका (EAL/D) विद्यार्थीहरूका लागि रिपोर्टहरू

यदि तपाईंको बच्चा EAL/D कार्यक्रममा छ र चार वा सोभन्दा कम शत्र अष्ट्रेलियाली स्कूलमा अध्ययनरत छ भने, तपाईंको बच्चाको लिखित रिपोर्टमा ग्रेडको सट्टा उनीहरूले सिकिरहेका विषयहरूमा उनीहरूको प्रगतिको बारेमा टिप्पणीहरू समावेश हुन सक्छन्।

### गहन अंग्रेजी केन्द्र (Intensive English Centres) वा गहन अंग्रेजी हाई स्कूल (Intensive English High School) मा भर्खरै आइपुगेका EAL/D विद्यार्थीहरूका लागि रिपोर्टहरू

यदि तपाईंको बच्चा गहन अंग्रेजी केन्द्र वा गहन अंग्रेजी हाई स्कूलमा भर्ना भएको छ भने, तपाईंले अंग्रेजी सिक्नमा उनीहरूको प्रगतिबारे लिखित रिपोर्ट प्राप्त गर्नुहुनेछ। थप रूपमा, रिपोर्टले हाई स्कूलको तयारीमा अध्ययन गरिएका सबै विषयहरूमा प्रगति देखाउनेछ।

| अंग्रेजी भाषा प्रवीणता चरणहरू | |
|---|---|
| **प्रारम्भिक** | प्रारम्भिक चरणमा रहेका विद्यार्थीहरूले अंग्रेजी सिक्न थालेका छन्। तिनीहरू अंग्रेजी बाहेक एक वा बढी भाषाहरू बोल्न सक्छन् र उनीहरूको पहिलो भाषामा लिखित साक्षरताको उमेर - उपयुक्त स्तर हुन सक्छ। यी विद्यार्थीहरूले पाठ्यक्रमको सरल भाषा कार्यहरूमा संलग्न हुन थालेका छन्। |
| **उदीयमान** | उदीयमान चरणमा रहेका विद्यार्थीहरूसँग अंग्रेजीको बढ्दो ज्ञान छ। यी विद्यार्थीहरूले आधारभूत अंग्रेजी सहित एक वा बढी भाषाहरू बोल्न सक्छन्, र लिखित अंग्रेजीको बढ्दो ज्ञान प्राप्त गरिरहेका छन्। यी विद्यार्थीहरूले कक्षाकोठाका गतिविधिहरूमा भाग लिन र उपयुक्त भाषा शिक्षण र कक्षाकोठाका गतिविधिहरू पूरा गर्न थप समय प्रदान गर्दा सिकाइमा संलग्न हुन सक्षम छन्। |
| **विकासोन्मुख** | विकासोन्मुख चरणका विद्यार्थीहरूले कार्यात्मक अंग्रेजी सहित एक वा बढी भाषाहरू बोल्न सक्छन्, र लिखित अंग्रेजीको विकासशील ज्ञान प्राप्त गर्न सक्छन्। यी विद्यार्थीहरू कक्षाकोठा र विद्यालय दिनचर्यामा सक्रिय रूपमा सहभागी छन्, र बढ्दो सफलताको साथ सिकाइ कार्यहरूमा संलग्न हुन सक्षम छन्। अङ्ग्रेजी व्याकरणमा सीप विकास गर्दै गर्दा र आफ्नो शब्दावली निर्माण गर्दै गर्दा उनीहरूको पहिलो भाषा बहुमूल्य सहयोगी हुँदै गर्छ। |
| **सुदृढीकरण** | सुदृढीकरण चरणमा रहेका विद्यार्थीहरूले अंग्रेजी सहित एक वा बढी भाषाहरू बोल्न सक्छन् र लिखित अंग्रेजीको राम्रो ज्ञान प्राप्त गर्न सक्छन्। यी विद्यार्थीहरू कक्षाकोठा र विद्यालय दिनचर्यामा स्वतन्त्र सहभागीहरू हुन्, र सामान्य सफलताको साथ सिकाइमा संलग्न हुन अंग्रेजी प्रयोग गर्ने क्षमता बढेको छ। तिनीहरूले विभिन्न विशेष उद्देश्यहरूको लागि बोलिने र लिखित पाठहरू बुझ्छन् र सृजना गर्छन् तर अझै पनि  विषयहरूको शैक्षिक भाषा बढ्दै जाँदा EAL/D शिक्षार्थीहरूको समर्थनमा केन्द्रित भाषा शिक्षण र रणनीतिहरू आवश्यक पर्दछ। |

## टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया स्कूललाई सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई विद्यालयमा सम्पर्क गर्न मद्दत गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र आफ्नो भाषामा दोभाषे माग्नुहोस्। दोभाषेले स्कूलमा फोन गर्नेछ र कुराकानीमा सहयोग गर्न लाइनमा रहनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।